आज मिति २०७९।०२।१९ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैकठ नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक वसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैहे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छवि, आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ट | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष. | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ट | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री वोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सदस्य सचिव | श्री राजन भट्टराई | |

Scanned with CamSca

निर्णय नं०(१)

मिति २०७९/१/३० गते सम्पन्न भएको वालिङ नगरपालिकाको स्थानीय तह निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने वालिङ न०पा०का सम्पूर्ण नगरवासी, मतदाता, कर्मचारी, सुरक्षाकर्मी, संन्चारकर्मी प्रति हार्दिक धन्यवादज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं०(२)

यस वालिङ नगरपालिकाका पूर्व नगर प्रमुख, नगर उप-प्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्यज्यूहरूले तथा वडा सदस्यज्यूहरूले यस न०पा०को विकास तथा समृद्धिमा पुऱ्याउन भएको योगदानको उच्च मूल्यांकन गर्दै वहाँहरू प्रति हार्दिक धन्यवादज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं०(३)

वालिङ न० पा० वडा नं० १४ मा मिति २०७९ वैशाख ३० गते भएको सवारी दुर्घटना र वडा नं० १२ मा २०७९ वैशाख ४ गते मा भएको सवारी दुर्घटनामा परी अकालमा जीवन गुमाउनु भएका नागरिकहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने र घटनामा परी घाइते हुनुभएका नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो।

Scanned with CamSca

आज मिति २०७९।०२।२३ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैकठ नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सदस्य सचिव | श्री राजन भट्टराई | |

Scanned with CamSca

निर्णय नं.-१,

स्थानीय सरकार संचालन ऐनको दफा ६५ बमोजिम स्थानिय राजश्व परामर्श समितिका सदस्यमा तपसिलका कार्यपालिका सदस्य लाई तोक्ने निर्णय गरियो।

तपसिल

१, श्री हरिलाल वि.क. कार्यपालिका सदस्य - सदस्य
२, श्री देवीमाया वि.क. ,, ,,

निर्णय नं.२,

स्थानीय सरकार संचालन ऐन दफा ६६ बमोजिम स्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समितिमा तपसिल बमोजिमका कार्यपालिका सदस्य मध्येबाट ४ जना ~~सदस्य~~ सदस्य तोक्ने निर्णय गरियो।

तपसिल

१, श्री मन्द्र ब. गोतामे - कार्यपालिका सदस्य - सदस्य
२, श्री हरिलाल वि.क. ,, ,,
३, श्री लोक बहादुर कुमाल ,, ,,
४, श्री कविता रानपाल वडा सदस्य ,,

निर्णय नं. ३,

वालिङ नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ बमोजिम नियम १८ अनुसार कार्यपालिकाको तर्फबाट सार्वजनिक महत्वको सुचना एवं विज्ञप्तीका लागि वडा नं. १का वडा अध्यक्ष श्री पदमराज गुरुङलाई प्रवक्ता तोकने निर्णय गरियो।

निर्णय नं.-४,

वालिङ नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्य संचालन कार्यविधि २०७८ को बुंदा ३ अनुसार योजना तथा कार्यक्रमको अनुगमनका लागि तपसिल बमोजिमका २जना सदस्य चयन गरि निर्णय गरियो।

तपसिल

१, श्री भगवती पाण्डे, कार्यपालिका सदस्य - सदस्य
२, श्री लोक बहादुर कुमाल, ,, ,,

Scanned with CamScanner

निर्णय नं.-५

UNDP बाट पहिचान भएका वालिङ नगरपालिकाका अति विपन्न नागरिकहरुलाई स्वास्थ्य विमा कार्यक्रममा समावेश गरि स्वास्थ्य विमा गरिदिने निर्णय गरियो।

निर्णय नं.-६

अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधी २०६५ को बुदा नं. ६ बमोजिम स्थानिय समन्वय समितिमा वालिङ न.पा. ५ का वडा सदस्य श्री अनिता सार्कीलाई सदस्यमा मनोनित गर्ने निर्णय गरियो।

निर्णय नं.-७

नेपाल दुरसंचार कार्यालय वालिङले वालिङ नगरपालिका वडा नं. ३ भुमेमा High speed Internet संचालन गर्नका लागि FTTH (Fiber to the Home) प्रविधिबाट द्रुत गतिको इन्टरनेट सेवा IPTV लगायतका अन्य सेवाहरु दिगो र भरपर्दो रुपमा संचालन गर्ने प्रयोजनका लागि नेपाल टेलिकमलाई जग्गा उपलब्ध गराइदिनु हुन भनि नेपाल टेलिकम वालिङ शाखाको च.नं. १०७ मिति २०७८।३।१३ को पत्र र वालिङ नगरपालिका ३ नं. वडा कार्यालय च.नं. १३६ र मिति २०७८।१२।१५ को सिफारिस पत्र तथा मुचुल्का पेश भएकोमा वालिङ नगरपालिका वडा नं. ३ भुमेस्थीत कित्ता नं. ५३ मध्ये ——— को करिब ५-०-०-४ आना जग्गा भवन तथा भौतिक संरचना निर्माण गर्न प्रयोजनका लागि प्रचलित कानुन बमोजिम निशुल्क रुपमा प्रयोग गर्न उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं.-८.

वालिङ नगरपालिका वडा नं. १४ मा मिति २०७९ बैशाख ३० गते र वडा नं. १२ मा २०७९ बैशाख ४ गते भएको सवारी दुर्घटना परी ज्यान गुमाएका व्यक्तिको दाह संस्कार गर्ने खर्च समेत निजका परिवारलाई क्षतिपूर्ति राहत खर्च वापत राहत स्वरुप एकमुष्ठ रुपमा रु १ लाखका दरले रकम गरि उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.-९.

वालिङ नगरपालिका स्थित सामुदायिक तथा संस्थागत विद्यालयहरु आइतबारका दिन पनि संचालन गर्ने मिति २०७९।२।१३ गतेको प्रधानाध्यापक बैठकबाट भएको निर्णय अनुसार विद्यालय संचालन गर्ने निर्णय गरियो।

निर्णय नं.-१०

वालिङ नगरपालिका अन्तरगत रहेको गह्रौं प्राथमिक-अस्पतालबाट आइतबार सार्वजनिक बिदाका दिनमा बहिरंग सेवा संचालन गर्ने र यसरी सार्वजनिक बिदाका दिन काम गर्ने कर्मचारीहरु लाई नियमानुसार थप सुविधा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं-११

वालिङ नगरपालिकाको कार्यसम्पादन नियमावलि २०७४ नियम १५ बमोजिम गठन हुने समितिमा तपसिल बमोजिमका संयोजक तोक्ने निर्णय गरियो।

तपसिल

१, श्री जुनु थापा, संयोजक - संस्थागत विकास तथा सुशासन समिति
२, श्री सिता वि.क, संयोजक - आर्थिक विकास समिति
३, श्री युगमाया पंगेनी, संयोजक - सामाजिक विकास समिति
४, श्री भगवती पाण्डे ढुंगे, संयोजक - पूर्वाधार विकास समिति
५, श्री डण्डपानी पंगेनी, संयोजक - वातावरण तथा विपद व्यवस्थापन समिति
६, श्री सुनिल सुनार, संयोजक - लेखा समिति
७, श्री पोत प्रसाद लम्साल, संयोजक - विधेयक समिति।

निर्णय नं. -१२

वजेट तथा कार्यक्रम ~~योजना~~ तर्जुमा तथा न्यायीक समितिको संयोजकमा वालिङ नगरपालिका उप प्रमुख श्री कविता तिवारी ज्यूलाई तोक्ने निर्णय गरियो।

निर्णय नं.-१३

वालिङ नगरपालिका तथा नगर प्रमुख ज्यूको काममा सहजता ल्याउन नगरपालिकाको प्रेस सल्लाहकारमा श्री मणि प्रसाद अर्याल र नगर प्रमुखको स्वकीय सचिवमा श्री गिरमान गुरुङ लाई तोक्ने निर्णय गरियो।

निर्णय नं.-१४

योजना / परियोजना संचालनका लागि नगर उप प्रमुख ज्यूलाई संयोजक तोक्ने निर्णय गरियो।

निर्णय नं. -१५,

विपन्न तथा आर्थिक अवस्था कमजोर भएको व्यक्ति तथा विपदमा परेका व्यक्तिहरु लगायतका लाई नगर प्रमुख को तोक आदेश मा बढीमा रु १० हजार रुपैया आर्थिक सहायता उपलब्ध गराउने तथा रु १० हजार भन्दा बढि आर्थिक सहायताको हकमा कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. -१६

भुर्भे मा.वि. मा संचालित स्रोत कक्षामा कार्यरत आया को निवेदन अनुसार निजले खाइपाई आएको मासिक पारिश्रमीक रु १३४००।= मा १६००।= थप गरि रु १५०००।= उपलब्ध गराउने निर्णय गरियो। साथै न.पा. बाट थप हुने रकम असार महिना बाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. - १७

वालिङ नगरपालिकाका निवर्तमान नगर प्रमुख / उप प्रमुख / वडा अध्यक्ष / कार्यपालिका सदस्य / वडा सदस्य ज्यूहरुलाई सम्मान तथा बिदाई एवं कोभिड-१९ को महामारीको समयमा स्वास्थ्य सेवामा खटिनु हुने चिकित्सक तथा स्वास्थ्य कर्मीहरुलाई सम्मान गर्ने निर्णय गरियो।

निर्णय नं. -१८

वालिङ नगरपालिकाको न्यायीक समिति एवं नगर उपप्रमुखको कानुनि सल्लाहकार मा वा.न.पा.-१० निवासी श्री नेत्र प्रसाद सुवेदीलाई तोक्ने निर्णय गरियो।

निर्णय नं. -१९

नगर कार्यपालिकाको बैठकको निर्णय पुस्तिकाको शिर, पुछारमा नगर प्रमुख र नगर उपप्रमुख बाट संयुक्त दस्तखत गरि close गर्ने निर्णय गरियो।

प्रमाणित
२०७८/२/२३

Scanned with CamSca

आज मिति २०७९।०३।९ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैकठ नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैहे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री वोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | देवी |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक वहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त वहादुर गोतामे | |
| २५ | सदस्य सचिव | श्री राजन भट्टराई | |

Scanned with CamSca

निर्णय नं. (१)

वालिङ नगरपालिकाको आ.व. २०७९/२०८० को वार्षिक नीति तथा कार्यक्रम अनुमोदन तथा स्वीकृतिका लागि परिमार्जन सहित नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. (२)

वालिङ नगरपालिकाको आ.व. २०७९/२०८० को वार्षिक आय व्ययको अनुमानित विवरण अनुमोदन तथा स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. (३)

वालिङ नगरपालिकाको आ.व. २०७९/२०८० को मध्यकालिन खर्च संरचना प्रतिवेदन अनुमोदन तथा स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. (४)

वालिङ नगरपालिकाको आ.व. २०७९/२०८० को आर्थिक विधेयक अनुमोदन तथा स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. (५)

वालिङ नगरपालिकाको आ.व. २०७९/२०८० को विनियोजन विधेयक अनुमोदन तथा स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. (६)

यस नगरपालिकामा करार सेवामा नियुक्त भै काम गर्दै आउनुभएका कर्मचारीहरुको करार अवधि यही २०७९ असार मसान्तसम्म रहेकोमा आगामी २०८० को असार मसान्तसम्म करार सेवा अवधि थप गर्ने स्वीकृति र अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

Scanned with CamSca

निर्णय नं.(७)

वालिङ नगरपालिका कार्यसम्पादन नियमावली २०७४ को नियम १५ बमोजिम गठन हुने समितिहरुलाई पूर्णता दिन नगर प्रमुख र नगर उप-प्रमुखलाई जिम्मा दिने निर्णय गरियो,

निर्णय नं.(८)

यस नगरपालिका अन्तर्गत वडा नं. ५ स्थित महेन्द्र मा.वि. जगतभञ्ज्याङ र वडा नं. १ स्थित रणवीर जनहित मा.वि. खहरेको नमुना विद्यालय विकास-को रकम सोही आ.व.मा विविध कारणले कार्य सम्पन्न हुन नसकी विद्यालयको खातामा निकासा भएकोमा हाल कार्यसम्पन्न भएको प्राविधिकको कार्यसम्पन्न प्रतिवेदनका आधारमा फुकुवा गर्ने निर्णय गरियो।

निर्णय नं.(९)

यस नगरपालिका वडा नं. ६ निवासी छविलाल रिजाल तथा टीका रिजालको छोरा-वर्ष ३ को रोहन रिजाल शारीरिक रुपमा पूर्ण अपांग भएको र उपचार गर्न लागि घरको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्ध गराई पाऊं भनी दिनु भएको निवेदन उपर छलफल हुँदा निजलाई उपचारका लागि आर्थिक सहयोग वापत रु ३०,०००/-(तीस हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो।

Scanned with CamSca